नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

**मिति :** २०७५ साउन २४

# विशेष परिपत्र - २

**प्रिय कमरेडहरू,**

यही २०७५ साउन २४ गते पार्टीको केन्द्रीय सचिवालयको नवौं बैठक महत्वपूर्ण निर्णयहरूका साथ सम्पन्न भएको छ । उक्त बैठकका निर्णयहरू जानकारी एवं कार्यान्वयनका लागि परिपत्र - २ जारी गरिएको छ ।

## १. केन्द्रीय कार्यायलको व्यवस्थापन

- कार्यसम्पादनलाई प्रभावकारी बनाउन पार्टीको केन्द्रीय कार्यालय धुम्बाराहीबाट सञ्चालन गर्ने निर्णय गरिएको छ । केन्द्रीय सचिवालयका साथै अध्यक्ष र महासचिवका कार्यकक्षहरू धुम्बाराहीस्थित केन्द्रीय कार्यालयमा रहनेछन् । पेरिसडाँडास्थित कार्यालयमा पार्टीका केन्द्रीय निकाय, विभाग र जनवर्गीय संगठनका कार्यालयहरू रहनेछन् ।
- केन्द्रीय कार्यालयका लागि कार्यशक्ति विन्यासलगायत व्यवस्थापनसम्बन्धी जिम्मेवारी महासचिवलाई तोकिएको छ ।

## २. राजनीतिक प्रतिवेदनको सम्पादन तथा प्रकाशन

- बैठकले पार्टी केन्द्रीय कमिटीको प्रथम बैठकबाट पारित राजनीतिक प्रतिवेदन सम्पादन गर्ने जिम्मेवारी अध्यक्षद्वय कमरेडहरूलाई प्रदान गरेको छ । अध्यक्ष कमरेडहरूले यही साउन मसान्तभित्र राजनीतिक प्रतिवेदन सम्पादन कार्य सम्पन्न गर्नुहुनेछ र केन्द्रीय कार्यालयले प्रकाशित गर्नेछ ।

## ३. विनियम, निर्देशिका र आचारसंहिता मस्यौदा कार्यदल

पार्टीको अन्तरिम विधान - २०७५ र नियममावली - २०७५ अनुरुप देहायबमोजिमका विनियम, निर्देशिका र आचारसंहिता मस्यौदा गर्न देहायबमोजिमको कार्यदल गठन गरिएको छ :

***मस्यौदा गर्नुपर्ने विनियम, निर्देशिका र आचारसंहिताहरू :***

- आर्थिक विनियम,
- कार्यकर्ता संरक्षण कोष विनियम,



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

- केन्द्रीय कार्यालयका कर्मचारीहरूको सेवा र शर्तसम्बन्धी विनियम,
- पार्टी स्कूल सञ्चालन निर्देशिका,
- प्रतिष्ठान सञ्चालन निर्देशिका,
- सम्पर्क मञ्च सञ्चालन निर्देशिका,
- आचारसंहिता ।

***कार्यदल :***

संयोजक क. सुवासचन्द्र नेम्वाङ, सदस्य कमरेडहरू अष्टलक्ष्मी शाक्य, जनार्दन शर्मा, पम्फा भुसाल, बेदुराम भुसाल, भीमबहादुर रावल, हरिबोल गजुरेल । कार्यदलको समयावधि १५ दिन तोकिएको छ ।

### ४. *प्रवासको कामसम्बन्धी निर्देशिका कार्यदल*

बैठकले प्रवासको कामसम्बन्धी निर्देशिका मस्यौदा गर्न कमरेड नारायणकाजी श्रेष्ठको संयोजकत्वमा सदस्य कमरेडहरू बिन्दा पाण्डे, युवराज कार्की र युवराज चौलागाईं रहनुभएको कार्यदल गठन गरेको छ । कार्यदलको समयावधि १५ दिन तोकिएको छ ।

### ५. *जनप्रतिनिधिहरूको पार्टी जिम्मेवारी*

- देहायबमोजिमका कमरेडहरू कुनै पनि तहको पार्टी कमिटीमा अध्यक्ष र सचिवको जिम्मेवारीमा नरहने :
  - नेपाल सरकारका उपप्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीहरू,
  - प्रतिनिधिसभा संसदीय दलको उपनेता,
  - राष्ट्रियसभामा दल नेताको प्रतिनिधि,
  - सघीय संसदीय दलका मुख्य सचेतक तथा सचेतकहरू,
  - संघीय संसद (प्रतिनिधिसभा तथा राष्ट्रियसभा)का समितिका सभापतिहरू,
  - प्रदेश सरकारका मन्त्रीहरू,
  - प्रदेशसभा दलका नेता तथा उपनेताहरू,
  - प्रदेशसभाका समितिका सभापतिहरू,
  - प्रदेशसभा दलका प्रमुख सचेतक र सचेतकहरू,
  - जिल्ला समन्वय समितिका प्रमुखहरू,
  - महानगर, उपमहानगर र नगरपालिकाका प्रमुख र उपप्रमुखहरू,
  - गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरू ।



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

- देहायबमोजिमका कमरेडहरू जिल्ला र सो मातहतको पार्टी कमिटीमा अध्यक्ष र सचिवको जिम्मेवारीमा नरहने :
  - संघीय संसद (प्रतिनिधिसभा र राष्ट्रियसभा)का सदस्यहरू,
  - प्रदेशसभाका सदस्यहरू ।

## ६. कार्यदलको समय सिमा र थप जिम्मेवारी

- पार्टीको प्रदेश तथा जिल्ला तह र जनवर्गीय संगठनहरूको केन्द्रीय तहमा एकता प्रक्रियालाई अघि बढाउन गठन गरिएका कार्यदलहरूले प्रतिवेदन प्रस्तुत गर्न साउन २५ गतेसम्मको समय-सिमा निर्धारण गरिएको थियो । कार्यदलहरूको कार्यप्रगतिलाई दृष्टिगत गरी प्रतिवेदन प्रस्तुत गर्ने समय यही साउन मसान्तसम्मका लागि थप गरिएको छ ।
- त्यसैगरी कार्यदलहरूलाई यही साउन मसान्तभित्र पार्टीका केन्द्रीय निकाय, सल्लाहकार परिषद, ज्येष्ठ कम्युनिष्ट मञ्च, केन्द्रीय विभाग र राष्ट्रिय परिषदमा मनोनयनका लागि नामावली सिफारिश गर्नसमेत निर्देशित गरिएको छ ।

## ७. स्थायी कमिटीको आगामी बैठक

पार्टी स्थायी कमिटीको बैठक भदौ ८ र ९ गते आयोजना गर्ने निर्णय गरिएको छ ।

क्रान्तिकारी अभिवादनसहित,

**केपी शर्मा ओली**
**अध्यक्ष**

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
**अध्यक्ष**



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np